# तीन दिनदेखि वीरगन्जमा उपचार सेवा ठप्प

## • देशैभर स्वास्थ्य सेवा प्रभावित • वीरगन्ज- २५ का वडाध्यक्ष पक्राउ

**उपेन्द्र यादव**

*वीरगन्ज, साउन १२*

नेपाल चिकित्सक संघको आह्वानमा मंगलबार देशैभरका अस्पतालहरूका आकस्मिकबाहेक सबै स्वास्थ्य सेवा बन्द भएका छन् । स्वास्थ्य सेवा बन्द हुँदा अस्पताल पुगेका बिरामी स्वास्थ्य सेवाबाट वञ्चित हुन पुगेका छन् । सरकारले समस्या समाधानमा पहल नगरे बुधबार पनि देशैभरका स्वास्थ्य सेवा बन्द गर्ने संघले चेतावनी दिएको छ।

गत साउन १० देखि वीरगन्जका सरकारी तथा निजी अस्पतालका चिकित्सकले सुरु गरेको हडतालले तेस्रो दिन पनि अस्पतालमा उपचार ठप्प भएको छ। साउन ९ गते नारायणी अस्पतालमा उपचारका क्रममा वीरगन्ज- २५ का राजकुमार पटेलको मृत्यु भएपछि उनका आफन्तले अस्पतालमा तोडफोड गर्नुका साथै चिकित्सकमाथि कुटपिट गरेको भन्दै चिकित्सकहरू हडतालमा उत्रिएका थिए। चिकित्सक कुट्नेलाई कारबाहीको माग गर्दै वीरगन्जका चिकित्सक हड्तालमा उत्रिएका कारण यहाँका सरकारी र निजी अस्पतालमा तीन दिनदेखि आकस्मिकसहितका सबै उपचार सेवा ठप्प छ। चिकित्सकहरूले आकस्मिकसहित सबै सेवा बन्द गर्दै हड्तालमा बसेका कारण यहाँका अस्पतालमा उपचारका लागि पुगेका बिरामी अलपत्र परेका छन् । अस्पतालमा चिकित्सकले आकस्मिक उपचार सेवासमेत बन्द गरेपछि बिरामीको बिजोग भएको छ। मंगलबार बिहान नारायणी अस्पतालमा उपचारका लागि पुग्दा डाक्टरहरूको हड्ताल लेखिएको ब्यानर झुन्ड्याइएको देखेर बिरामी र उनीहरूका आफन्त निराश बनेका छन् ।

नारायणी अस्पतालमा कार्यरत ४६ जना डाक्टरले सामूहिक राजीनामा दिएका छन्। चिकित्सक कुटपिट गर्नेमाथि कारबाही नगरिएको भन्दै मगलबार दिउँसोसम्म ४६ जनाले राजीनामा दिएका छन्। अस्पतालमा बिरामीको मृत्यु र चिकित्सकमाथि गरिएको हातपातको घटना संवाद र सहमतिबाट समाधान गर्न पर्साका राजनीतिक दलहरूले आग्रह गरेका छन्। वीरगन्जस्थित नेपाली कांग्रेस पार्टी कार्यालयमा मंगलबार बसेको सर्वदलीय बैठकले हड्तालका कारण बिरामी उपचारबाट वञ्चित हुनुपरेको भन्दै संवाद र सहमतिमार्फत समस्याको समाधान खोज्न आन्दोलनरत चिकित्सक, नेपाल चिकित्सक संघ, नारायणी अस्पताल प्रशासन र स्थानीय प्रशासनसँग आग्रह गरेको हो। बैठकमा कांग्रेस पर्साका सभापति जनार्दन सिंह, राष्ट्रिय स्वतन्त्र पार्टीका तुलसा पौडेल, नेकपा एमालेका डा. विशवबर शर्मा, नेकपाका जयप्रकाश थारू, जसपाका रामनरेश यादवहरूले हस्ताक्षर गरेको अपिलमा संवाद र सहमतिमार्फत समाधान खोज्नुपर्ने निष्कर्ष निकाल्दै छबुँदे अपिल सार्वजनिक गरेको छ। यसै घटनालाई लिएर सोमबार जिल्ला प्रशासन कार्यालय पर्सामा आन्दोलनरत चिकित्सक र स्थानीय प्रशासनबिच वार्ता भएको छ। वार्तामा प्रशासनिक पदाधिकारीबाट लोकतान्त्रिक मूल्यमान्यता र पदीय मर्यादाअनुकूल व्यवहार नभएको भन्दै पदीय मर्यादामा रहेर व्यवहार गर्ने आग्रहसमेत गरिएको छ। नारायणी अस्पताल प्रकरणलाई लिएर वीरगन्ज- २५ का वडाध्यक्ष आसुतोष चतुर्वेदीलाई पर्सा प्रहरीले नियन्त्रणमा लिएको छ।

## चिकित्सकले रोके बहिरंग सेवा

काठमाडौं, साउन १२ (नागरिक)- नारायणी अस्पतालका चिकित्सक कुटिएको विरोधमा मंगलबार उपत्यकाका सबैजसो अस्पतालले बहिरंग सेवा बन्द गरेका छन्। नेपाल चिकित्सक संघको आह्वानमा उनीहरूले सेवा बन्द गरेका हुन् । संघको सूचना पाउनुअघि टिकट काटिएका र अनलाइन टिकट बुक गरेर आएका बिरामीको उपचार गरे पनि थप बिरामीको उपचार नभएको टिचिङ अस्पतालका सहायक निर्देशक डा. पवन चीलसले बताए। साथै अति आवश्यक बिरामीलाई आकस्मिक कक्ष र अनौपचारिक रूपमा व्यवस्थापन गरेको जानकारी दिए। वीर अस्पतालले पनि सुरुमा आएका सीमित बिरामीको परीक्षण गर्दागर्दै सूचना प्राप्त भएपछि बहिरंग सेवाले टिकट बन्द गरेको थियो। त्यसपछि थप बिरामीको उपचार हुन सकेन।




मंगलबार वीर अस्पतालको बन्द टिकट काउन्टर बाहिर सेवाग्राही। *तस्बिर : नागरिक*

सुरुमा आएका केही बिरामीबाहेक अन्यको बहिरंग सेवाबाट उपचार हुन नसकेको पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानले जनाएको छ। प्रतिष्ठानका क्यान्सर रोग विशेषज्ञ डा. अरुण शाहीले भने, 'अति आवश्यक तथा गम्भीर रोगका बिरामीको आकस्मिक कक्षबाटै व्यवस्थापन गर्‍यौं, बहिरंग सेवा बन्द भयो', उनले भने।

मंगलबार देशभरका अस्पतालहरूमा बहिरंग सेवा बन्द भएको नेपाल चिकित्सक संघले जनाएको छ। दोषीमाथि उचित कारबाही नभएसम्म बुधबार पनि देशभरका चिकित्सकले विरोध प्रदर्शन गर्ने सूचना संघले जारी गरेको छ। अस्पतालमा पुगेका बिरामीको मृत्यु भएपछि चिकित्सक कुटपिट हुनुले चिकित्सकहरू त्रसित बनेको, स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्था सुरक्षा ऐन २०७९ बमोजिम दोषीमाथि कडा कारबाही हुनुपर्ने संघको माग छ।

साउन ८ गते नारायणी अस्पतालमा कार्यरत डा. प्रमोद रामलगायत अन्य स्वास्थ्यकर्मीमाथि सांघातिक कुटपिट हुने र अस्पताल तोडफोड भएको विरोधमा नेपाल चिकित्सक संघले देशभरका अस्पतालमा बहिरंग सेवा बन्दको आह्वान गरेको थियो। घाइते चिकित्सक डा. प्रमोद रामको स्वास्थ्यमा गम्भीर असर परेको तर उचित उपचार भइरहेको राष्ट्रिय ट्रमा सेन्टरले जनाएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले भने दोषीमाथि छानबिन गरी कारबाही हुने तर स्वास्थ्यजस्तो संवेदनशील सेवा नियमित गर्न अपिल गरेको थियो। उपत्यका बाहिरका अस्पतालहरूमा बिरामीको मृत्युको विषयमा चिकित्सकमाथि हुने कुटपिटले त्रासको वातावरण बढिरहेको एक चिकित्सकले बताए। उनले भने, 'बिरामी जोखिममा परेर अस्पताल पुगेका हुन्छन्, यी बिरामीमा हृदयघात भएर मृत्यु भएको आकलन गरिएको छ', उनले भने।

## दुई सातादेखि मल वितरण रोकिँदा किसान मर्कामा

**किरणमान बज्राचार्य**

*कपिलवस्तु, साउन १२*

कपिलवस्तुका किसान लामो समयदेखि रासायनिक मल नपाउँदा मर्कामा परेका छन् । दुई सातायता कृषि सामग्री र साल्ट्रेडिङ कर्पोरेसनले मलवितरण रोकेपछि किसान थप समस्यामा परेका हुन् ।

गत असार ३१ पछि कृषि सामग्री तौलिहवा र बहादुरगन्ज तथा साल्ट ट्रेडिङ कर्पोरेसन कृष्णनगरबाट मल वितरण कार्य रोकिएको कृषि ज्ञान केन्द्रका प्रमुख तथा जिल्ला मल व्यवस्थापन समितिका सचिव घनश्याम चौधरीले बताए। उनका अनुसार गत असार ३१ पछि ती स्थानबाट मल वितरण भएको जानकारी आएको छैन । मल वितरण कार्य रोकिँदा किसानहरू चिन्तित बनेको उनको बताए ।

कृषि सामग्री कम्पनी लिमिटेड तौलिहवा शाखाका प्रमुख विष्णु भण्डारीले साउन १ देखि मल बिक्री वितरण रोकिएको बताए । उनले सीमित स्टक बाँकी भए पनि चालु आर्थिक वर्षका लागि पालिकाहरूको कोटा निर्धारण नहुँदा मल बिक्री वितरणमा समस्या आएको बताए । कोटा निर्धारण नहुँदा साउन १ देखि मल बिक्री रोकिएको उनले बताए ।

कोटा निर्धारण पत्र आएपछि मल बिक्री गरिने उनले बताए । साल्ट्रेडिङ कर्पोरेसन कृष्णनगरका विजय अर्यालले सर्भर नचलेकाले साउन १ देखि नै मल बिक्री रोकिएको बताए । सर्भर चलेपछि मल बिक्री गरिने बताए ।

मल व्यवस्थापन समितिका अनुसार जिल्लामा ८२५.४ मेट्रिक टन युरिया, २९७ टन डिएपी र २९२.७५ मेट्रिक टन पोटास स्टक बाँकी छ ।

---

# गरिमा विकास बैंक लिमिटेड
## Garima Bikas Bank Limited

**नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था**

**प्रधान कार्यालय : लाजिम्पाट, काठमाण्डौं**

**फोन नं.** : ०१-४५४५४२४/२५/२६/२७/२८/३०, **वेभसाइट** : www.garimabank.com.np

## धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको ३५ दिने सार्वजनिक सूचना

**सूचना प्रकाशित मिति : २०८३/०४/१३**

यस विकास बैंकबाट तपसिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अर्न्तगत विभिन्न प्रयोजनको लागि लिएको कर्जाको यस विकास बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज र अन्य दै दस्तुर रकम तिर्न बुझाउन पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा र विभिन्न मितिमा राष्ट्रिय स्तरको दैनिक पत्रिकाहरुमा कर्जा चुक्ता गर्न आउने बारे सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गरेको हुनाले विकास बैंकलाई कर्जा लिँदाको बखत धितो सुरक्षण स्वरुप लेखि लेखाई दिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे-जस्तो अवस्थामा छ सोही अवस्थामा "बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन-२०७३" ले दिएको अधिकार प्रयोग गरी लिलामद्वारा बिक्री गरीने भएको हुँदा इच्छुक महानुभावहरुले तपसिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ। धितो सुरक्षणमा रहेको सम्पत्तिहरुको लिलाम बिक्रीबाट कर्जा असुली हुन नसकेमा ऋणी तथा धनजमानीकर्ताहरुको हक अंश लाग्ने अन्य चल अचल सम्पत्तिबाट समेत असुल उपर गरिने र नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध पक्षहरुलाई कालोसूचीमा समावेश गराउन कर्जा सूचना केन्द्रमा सिफारिस गरि पठाउने व्यहोरा समेत ऋणी र धन जमानीकर्ताहरुलाई यसै सूचना मार्फत जानकारी गराइन्छ । साथै, यसै सूचनालाई आधार मानि ऋणी तथा धन जमानीकर्ताहरुले सो दिन अगावै बैंकमा उपस्थित भई सम्पूर्ण कर्जा राफसाफ गरेमा लिलाम कार्य स्थगित गर्न सकिने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल**

| १. ऋणीको विवरण | व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण |
|---|---|
| **क) ऋणीको नामः अन्नपूर्ण माता सप्लायर्स**<br>फर्मको ठेगानाः ललितपुर म.न.पा.-१५, ललितपुर<br>फर्म दर्ता नं.: १३८८६४/०७४/७५, स्थानीय व्यापार<br>फर्म दर्ता मितिः २०७४/०८/२९<br>फर्मको पान नं.: ६०७२६६६४१<br>फर्म दर्ता निकायः नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग<br>**प्रोप्राईटरः महेश के.सी.**<br>**कर्जा शीर्षकः साना तथा मझौला उद्यमी अधिविकर्ष कर्जा**<br>**शाखा कार्यालय : दलदले, नवलपरासी**<br>**(ख) ऋणीको नाम : महेश के.सी**<br>बावुको नामः नरबहादुर के.सी.<br>बाजेको नामः श्रीलाल के.सी.<br>स्थायी ठेगानाः प्रगतीनगर गा.वि.स.-१ नवलपरासी<br>हालको ठेगानाः ललितपुर म.न.पा.-१५, ललितपुर<br>ना.प्र.नं.: ७/१३८९<br>जारी मितिः २०४४/११/२४<br>जारी जिल्लाः नवलपरासी<br>**कर्जा शीर्षक : व्यक्तिगत आवधिक कर्जा**<br>**शाखा कार्यालय : दलदले, नवलपरासी** | **क) नाम, थरः महेश के.सी.**<br>बावुको नामः नरबहादुर के.सी.<br>बाजेको नामः श्रीलाल के.सी.<br>स्थायी ठेगानाः प्रगतीनगर गा.वि.स.-१ नवलपरासी<br>हालको ठेगानाः ललितपुर म.न.पा.-१५, ललितपुर<br>ना.प्र.नं.: ७/१३८९, जारी मितिः २०४४/११/२४<br>जारी जिल्लाः नवलपरासी<br>**ख) नाम, थरः अनुराधा के.सी.**<br>पतिको नामः महेश के.सी.<br>ससुराको नामः नरबहादुर के.सी.<br>स्थायी ठेगानाः प्रगतीनगर गा.वि.स.-१ नवलपरासी<br>हालको ठेगानाः ललितपुर म.न.पा.-१५, ललितपुर<br>ना.प्र.नं.: २५७७८, जारी मितिः २०५८/१२/१८<br>जारी जिल्लाः नवलपरासी<br>**ग) नाम, थरः राम माया के.सी.**<br>पतिको नामः नरवहादुर के.सी.<br>ससुराको नामः श्रीलाल के.सी.<br>स्थायी ठेगानाः प्रगतीनगर गा.वि.स.-१ नवलपरासी<br>हालको ठेगानाः ललितपुर म.न.पा.-१५, ललितपुर<br>ना.प्र.नं.: ७/१३८७, जारी मितिः २०४४/११/२४<br>जारी जिल्लाः नवलपरासी |

**नोटः** ऋणी अन्नपूर्ण माता सप्लायर्सको **साना तथा मझौला उद्यमी अधिविकर्ष कर्जामा** व्यक्तिगत धन जमानीकर्ताहरु महेश के.सी., अनुराधा के.सी.रहेको र ऋणी महेश के.सीको **व्यक्तिगत आवधिक कर्जामा** व्यक्तिगत धन जमानीकर्ताहरु अनुराधा के.सी., राम माया के.सी. रहेको ।

**सुरक्षण धितोको विवरण :**
भूमि प्रशासन कार्यालय, कावासोती, नवलपरासीमा महेश के.सी. को नाममा दर्ता श्रेस्ता कायम रहेको प्रगतीनगर गा.वि.स. स्थित वडा नं.४ नक्सा सिट नं ४क को कित्ता नं. ५५९, २३०६, ३०७८ क्षे.फ. ७३६.५४, ६०९.५५, १०५.८२ ब.मि. भएको जग्गा/घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| २. ऋणीको विवरण | व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण |
|---|---|
| **ऋणीको नाम : अविनाश जेनरल सप्लायर्स**<br>फर्मको ठेगाना : वृन्दावन न.पा. वडा नं-३, रौतहट<br>फर्म दर्ता नं. : १३६७५/६५६<br>फर्म दर्ता मिति : २०७९/११/०५<br>फर्मको पान नं. : १२८६३१३२८<br>फर्म दर्ता निकाय : नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग<br>**प्रोप्राईटर : प्रतिमा देवी**<br>**कर्जा शीर्षक : स्थिर चालु पुँजी कर्जा**<br>**शाखा कार्यालय : चन्द्रपुर, रौतहट** | **क) नाम, थर : प्रतिमा देवी**<br>पतिको नाम : कमोद प्रसाद साह<br>ससुराको नाम : जगदेव साह<br>स्थायी ठेगाना : विश्रामपुर गा.वि.स.-२, रौतहट<br>हालको ठेगाना : बृन्दावन न.पा.-३, रौतहट<br>ना.प्र.नं. : ३२२०९७/३५३<br>जारी मितिः २०७३/०५/०८, जारी जिल्लाः रौतहट<br>**ख) नाम, थर : कमोद प्रसाद साह**<br>बुबाको नाम : जगदेव साह<br>बाजेको नाम : रामवृक्ष साह<br>स्थायी ठेगाना : मुडवलवा गा.वि.स.-५, रौतहट<br>हालको ठेगाना : बृन्दावन न.पा.-३, रौतहट<br>ना.प्र.नं. : १४९४<br>जारी मितिः २०४९/०२/०६, जारी जिल्लाः रौतहट |

**सुरक्षण धितोको विवरण :**
भूमि प्रशासन कार्यालय, कलैया, बारामा कमोद कुमार साहको नाममा दर्ता श्रेस्ता कायम रहेको कबही जब्दी गा.वि.स. वडा नं. ७ बारा स्थित कित्ता नं. २१७ क्षे.फ. ०-१९-०-० भएको जग्गा/घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| ३. ऋणीको विवरण | व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण |
|---|---|
| **क) ऋणीको नाम : जे.के. ट्रेड कन्सर्न प्रा.लि.**<br>कम्पनीको ठेगाना : धनगढी उ.म.न.पा.-५, कैलाली<br>कम्पनी दर्ता नं. : २८६६३६/०७८/०७९<br>कम्पनी दर्ता मिति : २०७८/१२/०१<br>कम्पनीको पान नं. : ६१०२४२९५७<br>कम्पनी दर्ता निकाय : नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौ<br>**अख्तियार प्राप्त व्यक्ति : मुकेश बोगटी**<br>**कर्जा शिर्षक : साना तथा मझौला अधिविकर्ष कर्जा**<br>**शाखा कार्यालय : धनगढी, कैलाली**<br>**ख) ऋणीको नाम : प्रकाश वोगटी**<br>बावुको नाम : प्रेम वहादुर वोगटी<br>बाजेको नाम : राम वहादुर वोगटी<br>स्थायी ठेगाना : खातीवडा गा.वि.स.-६, डोटी<br>हालको ठेगाना : धनगढी उ.म.न.पा.-१, कैलाली<br>ना.प्र.नं. : ६७१/१४९१<br>जारी मितिः २०६४/०२/१७, जारी जिल्लाः कैलाली<br>**कर्जा शिर्षक : मोर्टगेज कर्जा/गरिमा पेशागत आवधिक कर्जा**<br>**शाखा कार्यालय : धनगढी, कैलाली**<br>**व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण**<br>**क) नाम, थर : मुकेश बोगटी**<br>बावुको नाम : प्रेम बहादुर बोगटी<br>बाजेको नाम : राम बहादुर बोगटी<br>स्थायी ठेगाना : धनगढी न.पा.-१, कैलाली<br>हालको ठेगाना : धनगढी उ.म.न.पा.-१, कैलाली<br>ना.प्र.नं. : ६७१०२०/५४८५<br>जारी मितिः २०६७/०६/१९, जारी जिल्लाः कैलाली | **ख) नाम, थर : प्रेम वहादुर वोगटी**<br>बावुको नाम : राम वहादुर वोगटी<br>बाजेको नाम : धन सिंह वोगटी<br>स्थायी ठेगाना : खातीवाडा गा.वि.स.-६, डोटी<br>हालको ठेगाना : धनगढी उ.म.न.पा.-१, कैलाली<br>ना.प्र.नं. : ८३९/५७७/१६०<br>जारी मितिः २०३७/१२/१३, जारी जिल्लाः कैलाली<br>**ग) नाम, थर : जागृती खडका (बोगटी)**<br>पतिको नाम : प्रेम बहादुर बोगटी<br>ससुराको नाम : राम बहादुर बोगटी<br>स्थायी ठेगाना : धनगढी उ.म.न.पा.-१, कैलाली<br>हालको ठेगाना : धनगढी उ.म.न.पा.-१, कैलाली<br>ना.प्र.नं. : ४/५९/१६०७/०४६ (डोटी)<br>जारी मितिः २०४६/०६/११, जारी जिल्लाः कैलाली<br>**घ) नाम, थर : प्रकाश वोगटी**<br>बावुको नाम : प्रेम वहादुर वोगटी<br>बाजेको नाम : राम वहादुर वोगटी<br>स्थायी ठेगाना : खातीवडा गा.वि.स.-६, डोटी<br>हालको ठेगाना : धनगढी उ.म.न.पा.-१, कैलाली<br>ना.प्र.नं. : ६७१/१४९१<br>जारी मितिः २०६४/०२/१७, जारी जिल्लाः कैलाली<br>**ङ) नाम, थर : रस्मि बोगटी**<br>बावुको नाम : प्रेम बहादुर बोगटी<br>बाजेको नाम : राम बहादुर बोगटी<br>स्थायी ठेगाना : धनगढी उ.म.न.पा.-१, कैलाली<br>हालको ठेगाना : धनगढी उ.म.न.पा.-१, कैलाली<br>ना.प्र.नं. : ६७-०१-७३-०३१४७<br>जारी मितिः २०७३/०३/०६, जारी जिल्लाः कैलाली |

**नोट :** ऋणी जे.के. ट्रेड कन्सर्न प्रा.लि.को **साना तथा मझौला अधिविकर्ष कर्जामा** व्यक्तिगत धन जमानीकर्ताहरु मुकेश बोगटी, प्रेम वहादुर वोगटी, जागृती खडका (बोगटी), प्रकाश वोगटी रहेको र ऋणी प्रकाश वोगटीको **मोर्टगेज कर्जामा** व्यक्तिगत धन जमानीकर्ताहरु मुकेश बोगटी, प्रेम वहादुर वोगटी, जागृती खडका (बोगटी) रहेको साथै **गरिमा पेशागत आवधिक कर्जामा** व्यक्तिगत धन जमानीकर्ता रस्मि बोगटी रहेको ।

**सुरक्षण धितोको विवरण :** भूमि प्रशासन कार्यालय, धनगढी, कैलालीमा जागृती वोगटीको नाममा दर्ता श्रेस्ता कायम रहेको धनगढी न.पा. स्थित वडा नं. ५, नक्सा सिट नं. ०२७०७३०३ को कित्ता नं. १०८३ क्षे.फ. १७७०.०० व.मि. भएको जग्गा/सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| ४. ऋणीको विवरण | व्यक्तिगत धन जमानीकर्ताको विवरण |
|---|---|
| **ऋणीको नाम : दुर्गा बहादुर गुरुङ**<br>बावुको नाम : देव बहादुर गुरुङ<br>बाजेको नाम : चन्द्र बहादुर गुरुङ<br>स्थायी ठेगाना : टक्सार गा.वि.स.-४, स्याङ्जा<br>हालको ठेगाना : पोखरा म.न.पा.-१७, कास्की<br>ना.प्र.नं. : १२९५५<br>जारी मिति : २०५०/०५/१४, जारी जिल्ला : स्याङ्जा<br>**कर्जा शीर्षक : आवास कर्जा**<br>**शाखा कार्यालय : बिरौटा, पोखरा** | **क) नाम थर : सौमाया गुरुङ**<br>पतिको नाम : दुर्गा बहादुर गुरुङ<br>ससुराको नाम : देव बहादुर गुरुङ<br>स्थायी ठेगाना : टक्सार गा.वि.स.-४, स्याङ्जा<br>हालको ठेगाना : पोखरा म.न.पा.-१७, कास्की<br>ना.प्र.नं. : ४७८४२<br>जारी मिति : २०५५/०७/२५<br>जारी जिल्ला : स्याङ्जा |

**सुरक्षण धितोको विवरण :** भूमि प्रशासन कार्यालय, तनहुँमा दुर्गा बहादुर गुरुङको नाममा दर्ता श्रेस्ता कायम रहेको छाङ गा.वि.स. स्थित वडा नं. ५/ख को कित्ता नं. १५३२, १५४९, १६११ र १६१३ क्षे.फ. ९५.३७ व.मि, ७१.५३ व.मि, ९.९४ व.मि र ५.९७ व.मि भएको जग्गा/सो जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| ५. ऋणीको विवरण | व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण |
|---|---|
| **ऋणीको नाम : अमृता उप्रेती**<br>पतिको नाम : कामेश्वर राय<br>ससुराको नाम : गणपति राय<br>स्थायी ठेगाना : पडरिया गा.वि.स.-८, सर्लाही<br>हालको ठेगाना : मलंगवा न.पा.-४, सर्लाही<br>ना.प्र.नं. : ६७७६२३५३<br>जारी मितिः २०५७/१२/०८, जारी जिल्लाः सर्लाही<br>**कर्जा शीर्षक : व्यक्तिगत आवधिक कर्जा**<br>**शाखा कार्यालय : मलंगवा, सर्लाही**<br>**व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण**<br>**क) नाम, थर : गणपति राय यादव**<br>बावुको नाम : तुलसी राय<br>बाजेको नाम : गिरबल राय<br>स्थायी ठेगाना : पडरिया गा.वि.स.-८, सर्लाही<br>हालको ठेगाना : मलंगवा न.पा.-४, सर्लाही<br>ना.प्र.नं. : ६७७६१४५६<br>जारी मितिः २०३६/०४/१८, जारी जिल्लाः सर्लाही | **ख) नाम, थर : कामेश्वर राय**<br>बावुको नाम : गणपति राय<br>बाजेको नाम : तुलसी राय<br>स्थायी ठेगाना : पडरिया गा.वि.स.-८, सर्लाही<br>हालको ठेगाना : मलंगवा न.पा.-४, सर्लाही<br>ना.प्र.नं. : ६७७६२०६३<br>जारी मिति : २०५०/०४/२८<br>जारी जिल्ला : सर्लाही<br>**ग) नाम, थर : सुरज कुमार यादव**<br>बावुको नाम : कामेश्वर राय<br>बाजेको नाम : गणपति राय यादव<br>स्थायी ठेगाना : चक्रघट्टा गा.पा-१, सर्लाही<br>हालको ठेगाना : मलंगवा न.पा.-४, सर्लाही<br>ना.प्र.नं. : १९-०१-७९-०३२८९<br>जारी मिति : २०७९/०३/२३<br>जारी जिल्ला : सर्लाही |

**सुरक्षण धितोको विवरण :**
१. भूमि प्रशासन कार्यालय, मलंगवा, सर्लाहीमा गणपति राय यादवको नाममा दर्ता श्रेस्ता कायम रहेको जमुनिया गा.वि.स. वडा नं ५ नक्सा सिट नं ५क स्थित कित्ता नं. २०७ क्षे.फ. ०-२-१७.५ बिघा भएको जग्गा/घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
२. भूमि प्रशासन कार्यालय, मलंगवा, सर्लाहीमा गणपति राय यादवको नाममा दर्ता श्रेस्ता कायम रहेको पडरिया गा.वि.स. वडा नं ८ स्थित कित्ता नं. ६०० क्षे.फ. ०-८-७-० बिघा भएको जग्गा/घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| ६. ऋणीको विवरण | व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण |
|---|---|
| **ऋणीको नाम : वैष्णवी ट्रेडर्स**<br>फर्मको ठेगाना : मलंगवा न.पा.-७, सर्लाही<br>फर्म दर्ता नं. : १४६२५/०८०/०८१ (स्थानिय व्यपार)<br>फर्म दर्ता मिति : २०८०/१०/११<br>फर्मको पान नं. : ६१७४०५६७८<br>फर्म दर्ता निकाय : मधेश प्रदेश सरकार उद्योग वाणिज्य तथा पर्यटन मन्त्रालय उद्योग विभाग घरेलु तथा साना उद्योग कार्यालय, मंलगवा, सर्लाही<br>**प्रोप्राईटर : सुनैना कुमारी**<br>**कर्जा शीर्षक : साना तथा मझौला अधिविकर्ष कर्जा**<br>**शाखा कार्यालय : मलंगवा, सर्लाही**<br>**व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण**<br>**क) नाम, थर : सुनैना कुमारी**<br>पतिको नाम : राम नरेश राय<br>ससुराको नाम : गनिपत राय<br>स्थायी ठेगाना : मलंगवा न.पा.-७, सर्लाही<br>हालको ठेगाना : मलंगवा न.पा.-७, सर्लाही<br>ना.प्र.नं. : १९-०१-७८-०७८४९<br>जारी मिति : २०७८/०७/०९, जारी जिल्ला : सर्लाही | **ख) नाम, थर : राम नरेश राय**<br>बावुको नाम : गनिपत राय<br>बाजेको नाम : राम चलितर राय<br>स्थायी ठेगाना : मुसैली गा.वि.स.-८, सर्लाही<br>हालको ठेगाना : मलंगवा न.पा.-७, सर्लाही<br>ना.प्र.नं. : ६३७९१२४४<br>जारी मिति : २०४५/०१/०६<br>जारी जिल्ला : सर्लाही<br>**ग) नाम, थर : जैलस**<br>पतिको नाम : राम नरेश राय<br>बाजेको नाम : गनिपत राय<br>स्थायी ठेगाना : मुसैली गा.वि.स.-८, सर्लाही<br>हालको ठेगाना : मलंगवा न.पा.-७, सर्लाही<br>ना.प्र.नं. : ६३७९१२६५<br>जारी मिति : २०४५/०१/०८<br>जारी जिल्ला : सर्लाही |

**सुरक्षण धितोको विवरण :** भूमि प्रशासन कार्यालय, मलंगवा, सर्लाहीमा राम नरेश रायको नाममा दर्ता श्रेस्ता कायम रहेको मुसैली गा.वि.स. वडा नं ८ स्थित कित्ता नं. ८६०, ८६९, २०७ र ६१ को क्षे.फ. ४५२.९३, ५२०.६५, ५५८.६६ र १०४ ब.मि. भएको जग्गा/सो जगामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| ७. ऋणीको विवरण | व्यक्तिगत धन जमानीकर्ताको विवरण |
|---|---|
| **ऋणीको नामः सावित्री पौडेल/सुजता दाहाल(पौड्याल)**<br>**क) सावित्री पौडेल**<br>बावुको नामः गोविन्द प्रसाद उपाध्याय<br>बाजेको नामः भगीरथ उपाध्याय<br>स्थायी ठेगानाः बलेफी गा.पा.-८, सिन्धुपाल्चोक<br>हालको ठेगानाः काठमाण्डौ म.न.पा.-८, काठमाण्डौ<br>ना.प्र.नं.: २०१०४२/१६४७७३ (काभ्रेपञ्लाचोक)<br>जारी मितिः २०६४-१०-२०,जारी जिल्लाः सिन्धुपाल्चोक<br>**ख) सुजता दाहाल(पौड्याल)**<br>पतिको नामः रुवेन पौड्याल<br>ससुराको नामः गोविन्द प्रसाद उपाध्याय(पौड्याल)<br>स्थायी ठेगानाः मांखा गा.वि.स.-१, सिन्धुपाल्चोक<br>हालको ठेगानाः मध्यपुर ठिमी न.पा.-९, भक्तपुर<br>ना.प्र.नं.: २४-०१-७२-०८०४२<br>जारी मितिः २०७२-१०-२५, जारी जिल्लाः सिन्धुपाल्चोक<br>**कर्जा शीर्षकः आवास कर्जा**<br>**शाखा कार्यालयः गट्ठाघर, भक्तपुर** | **क) नाम, थरः रुवेन पौडयाल**<br>बावुको नामः गोविन्द प्रसाद उपाध्याय (पौडयाल)<br>बाजेको नामः भगीरथ उपाध्याय<br>स्थायी ठेगानाः बलेफी गा.पा.-८, सिन्धुपाल्चोक<br>हालको ठेगानाः मध्यपुर ठिमी न.पा.-९, भक्तपुर<br>ना.प्र.नं.: ४७०४६/११२३४७<br>जारी मितिः २०६०-०२-०८<br>जारी जिल्लाः सिन्धुपाल्चोक<br>**सुरक्षण धितोको विवरण**<br>भूमि प्रशासन कार्यालय, भक्तपुरमा सावित्री पौडेल/सुजाता दाहाल (पौड्याल)को नाममा दर्ता श्रेस्ता कायम रहेको मध्यपुर ठिमी नगरपालिका वडा नं. ७ कित्ता नं. १९२ क्षे.फ. ९५.५० वर्ग मिटर भएको जग्गा/सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । |

**शर्त बन्देजहरू :**

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस बैंकको केन्द्रीय कार्यालय, क्षेत्रीय कार्यालय वा शाखा कार्यालयहरुमा आइपुग्ने गरी पेश गर्नु पर्नेछ ।
२. प्राप्त बोलपत्रहरु मिति २०८३/०५/२२ गते सोमबार दिनको ५:०० बजे बैंकको शाखा/क्षेत्रीय कार्यालय/केन्द्रिय कार्यालयमा उपस्थित प्रतिनिधि, बोलपत्रदाता वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाइएका कुनै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि अनुपस्थित रहेपनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
३. बोलपत्र खोल्ने दिन कुनै कारणले सार्वजनिक विदा पर्न गएमा लगत्तै कार्यालय खुलेको दिन बोलपत्र खोल्न सकिनेछ वा कर्जा असुली समितिको सिफारिसमा प्रमुख कार्यकारी अधिकृतले बोलपत्र खोलिने अर्को मिति तोक्न सक्नेछन् ।
४. उल्लेखित सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा रहेको छ, बोलपत्रकर्ताले सोही अवस्था र परिमाणमा खरीद गरी लिने गरी बोलपत्र पेश गर्नु पर्नेछ ।
५. बोलपत्रकर्ताले आफुले खरीद गर्न चाहेको सम्पत्तिको बोलपत्र कबुल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत बैंकमा नगद बुझाएको सक्कल रसीद/भौचर वा सो रकम बरावरको विकास बैंकको नाममा खिचिएको Good for Payment Cheque/Manager Cheque साथै बिद्युतीय माध्यमबाट रकम जम्मा गरेको भए सो को भौचर (Receipt) समेत राखि शिलबन्दी बोलपत्र साथ संलग्न गरी पेश गर्नु पर्नेछ ।
६. बोलपत्रमा आफुले कुन कुन सम्पत्ति के कति दर र रकममा खरीद गरी लिन चाहेको हो सो को विवरण अंक र अक्षरमा स्पष्ट साथ खुलाउनु पर्नेछ ।
७. बोलपत्र स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पुर्ण अधिकार विकास बैंकमा निहित रहनेछ ।
८. म्याद नाघी, रीत नपुगी वा अमान्य शर्त राखि पेश गरिएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
९. बोलपत्रकर्ताले आफ्नो नेपाली नागरिकताको प्रमाण–पत्र वा कानून बमोजिम दर्ता भएको संस्था फर्म वा कम्पनी भए सो को दर्ता प्रमाण–पत्र र आयकर प्रमाण–पत्रको फोटोकपी संलग्न गरेको हुनु पर्नेछ ।
१०. बोलपत्र स्वीकृत भएको जानकारीको पत्रको मितिले २१ दिन भित्र धरौटी वाहेकको बाँकी रकम यस बैंकमा जम्मा गर्नु पर्नेछ । तोकिएको समयावधिमा रकम जम्मा नगरेमा धरौटी वापत जम्मा गरेको रकम जफत हुनेछ । बोलपत्र अस्वीकृत भएमा धरौटी रकम फिर्ता गरीनेछ र यस रकममा कुनै ब्याज प्रदान गरीने छैन ।
११. स्वीकृत भएको बोलपत्रकर्ताले स्वीकृत बोलपत्र बमोजिमको सम्पत्ति आफ्नो नाममा नामसारी गर्नुपर्नेछ। यस्तो सम्पत्ति नामसारी गर्दा सम्बन्धित निकायमा कानून बमोजिम लाग्ने/बुझाउनु पर्ने दै-दस्तुर, कर/राजस्व लगायतका अन्य सम्पूर्ण खर्चहरु बोलपत्रकर्ता स्वयंले नै बेहोर्नु पर्नेछ ।
१२. बोलपत्र फाराम बैंकको केन्द्रीय कार्यालय वा शाखा कार्यालयहरु बाट रु. १,०००/- (फिर्ता नहुने गरि) तिरी प्राप्त गर्न सकिनेछ ।
१३. बोलपत्र बमोजिम बिक्री गरिने सम्पत्ति हेर्न निरीक्षण गर्न र सो बारे अन्य थप कुरा बुझ्न परेमा कार्यालय समय भित्र बैंकको केन्द्रीय कार्यालय, क्षेत्रीय कार्यालय वा सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।